NEFIN
December 2021
सशक्तीकरण सन्देश

# जलवायु परिवर्तनसम्बन्धी सवाल र पैरवीबारे आदिवासी जनजाति युवालाई तालिम प्रदान



**तालिमको मुख्य उद्देश्य सहभागीहरूलाई जलवायु परिवर्तन र आदिवासी जनजातिका सवालहरू, सामुहिक अधिकार, जल, जमिन र जंगलसँगको आदिवासी जनजातिको अन्योन्याश्रित सम्वन्ध र अधिकारबारे सचेतना अभिबृद्धि गर्ने रहेको थियो। तालिममा सहभागीहरूलाई नेपालको सन्दर्भमा जलवायु परिवर्तन र यस सम्वन्धी नीति, कार्यक्रम तथा परियोजनाहरूबारे जानकारी दिइएको थियो।**

हाल विश्वमा जलवायु परिवर्तन एक अत्यन्तै संवेदनशील र महत्वपूर्ण विषय बनेको छ। यसै सन्दर्भमा, जलवायु परिवर्तनमा आदिवासी जनजाति युवालाई सचेतना, सशक्तीकरण र सहकार्यका लागि नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन साझेदारी कार्यक्रमले आदिवासी जनजाति युवालाई लक्षित गरी मिति २०७८ असोज १४ र १५ गते दुई दिवसीय तालिम नगरकोटको होटल कन्ट्रिभिल्लामा सम्पन्न गरेको छ। कार्यक्रममा विभिन्न आदिवासी जनजाति संघ संस्थाका २१ जना युवा प्रतिनिधिहरू (१२ पुरूष र ९ महिला) ले सहभागीता जनाउनु भएको थियो।

कोभिड-१९ महामारीको जोखिम रहेको वर्तमान अवस्थामा सुरक्षा मापदण्डको बारेमा सूचना प्रदान गर्नुका साथै गोष्ठी अवधिमा स्वास्थ्य सामाग्रीहरू जस्तै, फेसशिल्ड, फेसमास्क, सेनिटाइजरको व्यवस्था गरिएको थियो। गोष्ठी अवधिभर भौतिक दुरीलगायत अन्य स्वास्थ्य सावधानी अपनाइएको थियो। कोरोना संक्रमणको जोखिमको कारण सीमित सहभागीहरूबीच उक्त कार्यक्रम सम्पन्न गरिएको थियो।

तालिमको मुख्य उद्देश्य सहभागीहरूलाई जलवायु परिवर्तन र आदिवासी जनजातिका सवालहरू, सामूहिक अधिकार, जल, जमिन र जंगलसँगको आदिवासी जनजातिको अन्योन्याश्रित सम्बन्ध र अधिकारबारे सचेतना अभिबृद्धि गर्ने रहेको थियो। तालिममा सहभागीहरूलाई नेपालको

सन्दर्भमा जलवायु परिवर्तन र यससम्बन्धी नीति, कार्यक्रम तथा परियोजनाहरूबारे जानकारी दिइएको थियो ।

तालिममा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धीअन्तर्गतका पेरिस र कानकुन सम्झौताहरूलगायतका अन्तर्राष्ट्रिय दस्तावेजहरूमा भएका प्रावधानहरू, नेपालले जनाएका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू र त्यसबाट सिर्जित दायित्वहरू एवं त्यससम्बन्धी नेपालका राष्ट्रिय कानुनहरूको अवस्थाबारे प्रस्तुतिकरण गरिएको थियो ।

त्यसैगरी जलवायु परिवर्तन अनुकूलन र न्युनीकरण, रेडप्लसमा आदिवासी जनजातिका सवालहरू, हानी तथा नोक्सानी, राष्ट्रिय अनुकूलन योजना, नेपालको राष्ट्रिय योगदान दस्तावेज २०२०, जलवायु वित्त र नेपालमा यसको परिचालन, हरित जलवायु कोष र परियोजनाहरू, आदिवासी नीतिको प्रावधानहरूको अर्थ र सन्दर्भमा पनि छलफल गरिएको थियो ।

# जलवायु परिवर्तन, रेडप्लस र भूमि अधिकार विषयक राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न

**जलवायु परिवर्तन र यससम्बन्धी नीति, कार्यक्रम तथा परियोजनाहरूबारे जानकारी पाईसकेपछि सहभागीहरुले भूमि अधिकार र आदिवासी जनजातिको भूमिसँग सम्बन्धित सवालहरू र भूमि अधिकारका लागि रणनीति कस्तो हुनुपर्छ भन्ने विषयमा साझा छलफल बुँदागत रूपमा तयार पारेका थिए ।**

नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन साझेदारी कार्यक्रमको आयोजनामा 'जलवायु परिवर्तन, रेड प्लस र भूमि अधिकार' बिषयक दुई दिने कार्याशाला गोष्ठी सम्पन्न भएको छ । उक्त कार्यशाला गोष्ठी २०७८ असोज १७ र १८ गते नगरकोटको होटल कन्ट्रिभिल्लामा आयोजना गरिएको थियो । नेपाल आदिवासी जनजाति महासंघको जातीय संस्थाका प्रतिनिधिलगायत आदिवासी जनजाति सदस्यहरूलाई जलवायु परिवर्तन, रेडप्लस र भूमि अधिकार विषय र यी विषयहरूसँग जोडिएका उनीहरूका सवाल तथा अधिकार सुनिश्चिततातर्फ पैरवी गर्ने मूल उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा ९ महिला र ९ पुरूष गरी जम्मा १८ जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कोभिड-१९ महामारीको जोखिमका कारण सुरक्षा मापदण्डको बारेमा सूचना प्रदान गर्नुका साथै गोष्ठी अवधिमा स्वास्थ्य सामाग्रीहरू जस्तै, फेसशिल्ड, फेसमास्क, सेनिटाइजरको व्यवस्था गरिएको थियो ।

कार्याशाला गोष्ठीमा जलवायु परिवर्तन सम्बन्धी बिषयहरूको अध्याबधिक र जलवायु परिवर्तन सम्वन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धी अन्तर्गतका पेरिस सम्झौता र कानकुन सम्झौतालगायत अन्तर्राष्ट्रिय दस्तावेजहरूमा भएका जलवायु परिवर्तन र आदिवासी जनजाति सम्वन्धी मुख्य मुख्य निर्णय तथा प्रावधानहरूबारे प्रकाश पारिएको थियो ।

यस सन्दर्भमा सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूका साथै नेपालले जनाएका



प्रतिवद्धताहरू र त्यसबाट सिर्जित दायित्वहरूसम्बन्धी पनि छलफल गरिएको थियो ।

त्यसैगरी जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण, रेडप्लसमा आदिवासी जनजातिका सवालहरू, हानी तथा नोक्सानी, राष्ट्रिय अनुकुलन योजना, नेपालको राष्ट्रिय योगदान दस्तावेज-२०२०, जलवायु वित्त र नेपालमा यसको परिचालन, हरित जलवायु कोष र परियोजनाहरू, आदिवासी नीतिको प्रावधानहरूको अर्थ र सन्दर्भ आदि विषयहरूमा प्रस्तुतिकरण हरू प्रस्तुत गरिएको थियो । जलवायु परिवर्तन र यससम्बन्धी नीति, कार्यक्रम तथा परियोजनाहरूबारे जानकारी पाइसकेपछि सहभागीहरूले भूमि अधिकार र आदिवासी जनजातिको भूमिसँग सम्बन्धित सवालहरू र भूमि अधिकारका लागि रणनीति कस्तो हुनुपर्छ भन्ने विषयमा साझा छलफल बुँदागत रूपमा तयार पारेका थिए ।

आदिवासी जनजातिहरूको भूमि अधिकार र हाल आफ्नो थातथलोहरूमा भोग्नु परिरहेको भूमि सम्बन्धी समस्याहरूको बारेमा र ती समस्या समाधानको लागि भइरहेको र गरिरहेको प्रयासहरूको बारेमा छलफलका क्रममा निम्न भनाईहरू आयो :

**(क) तपाईंको थातथलोको भूमि, भू-क्षेत्र तथा स्रोतमा के कस्तो समस्याहरू भोगिरहनु भएको छ ?**

**•शोभा लक्ष्मी शाक्य र सब्बा रानी महर्जन, काठमाडौं**

- काठमाडौं उपत्यकामा नेवार समुदायको आदिम थातथलोहरूमा सडक विस्तार, भूमि अतिक्रमण, औद्योगिक क्षेत्रहरू, ईंटाभट्टा आदिको विस्तार, समुदायको सामूहिक तथा परम्परागत र समुदायको स्वामित्वमा रहेको भूमिहरू जस्तै गुठी आदिमा सडक विस्तार, हाउजिङ्ग, अन्य सरकारी संरचनाहरू निर्माण गर्नेलगायतबाट विस्थापित गर्ने, ऐतिहासिक क्षेत्र तथा सम्पदाहरू खानेपानीको भूमिगत स्रोतहरू हिटी, धारा आदिमा विविध बहानाहरू बनाई राज्य तथा राज्य संयन्त्रको दादागिरी तथा मिचाह प्रवृत्ति यथावत रहेको छ ।
- परम्परागत संरचना र प्रविधिहरू माथि व्यापक हस्तक्षेप, खोकना लगायतको क्षेत्रहरूमा लगभग ६० प्रतिशत उर्वर भूमि तथा भूभागहरू द्रुत मार्ग निर्माणको क्रममा विनाश हुन जाने अवस्था छ ।

**•सुजन पहरी, ललितपुर**

- प्रकृतिक स्रोत साधनहरूको उत्खनन र दोहनको कारण आदिवासीहरूको परम्परागत भूमिहरूको स्वमित्व गुमाउन पुगेको, औषधिजन्य जडिबुटी र बोटविरूवाहरू मासिँदै गएको छ । प्लटिङ्गलगायतको आधुनिक निर्माण क्रमले आदिवासीहरूको भूमिहरू गुम्दै गएको छ ।
- सांस्कृतिक परम्परा, ज्ञान आदिमा विचलन आएको छ ।
- आदिवासीहरूको आत्मनिर्णयको अधिकारलाई राज्यले हनन गरेको छ ।

**•मुना दुरा, लमजुङ**

- लमजुङको दुराडाँडामा आधुनिक संरचनाहरूले गर्दा दुरा समुदायको सांस्कृतिक तथा परम्परागत घुमाउने घर स्थानीय सरकारको प्रतिनिधिहरूबाट भत्काइएको छ, जसले गर्दा आदिवासीहरूको पहिचानमा प्रत्यक्ष असर पुग्ने देखिएको छ ।
- विकास निर्माणको क्रममा सडक निर्माण गर्ने क्रममा पानीको मुहानहरू सुकेर जाने क्रम बढ्नुका साथै सांस्कृतिक महत्व बोकेको अथवा पहिचानको धरोहर रहेको चौतारा, ठूलो रूखहरू, आस्थाको धरोहर ढुङ्गा, समाधिस्थल आदिको विनाश गर्ने क्रम पनि सँगसँगै भइरहेको छ ।
- परम्परागत खाद्यबाली विउविजन आदिको लोप भएको कारण आदिवासी समुदायको सांस्कृतिक तथा परम्परागत खाद्य संस्कृति संकटग्रस्त अथवा लोप हुने अवस्थामा पुगेको छ ।
- दुराहरूको सामूहिक स्वामित्वमा रहेको परम्परागत वनलाई राज्यबाट सामुदायिक वन घोषणा गरिएको छ ।
- पर्यटन विकास गर्ने नाममा बाटो निर्माण भएको कारण परम्परागत महत्व बोकेको दुरा समुदायको सिन्दुरे वन विनाश भएको, जहाँ लालिगुँरास लगायतको वनस्पतिहरू समेत मासिदै गएको छ ।

**•प्रतिज्ञा कुलुङ, इलाम**

- कन्यामको सरकारी चिया बगानहरूमा अत्यधिक रसायनिक मल, कीटनाशक औषधिहरू आदि प्रयोग भएको हुँदा खानेपानीको मुहान, खेतीबाली आदिमा त्यसखाले विषादीहरूबाट असर पुगेको ।
- स्थानीय, प्रदेश सरकार, संघीय सरकार आदिबाट सडकको विना योजना, अवैज्ञानिक तथा अव्यावहारिक विस्तारको कारण पहिरो बाढी आदिको समस्या हुनुको साथै सडक बिस्तार तथा निमार्णको क्रममा प्रयोग हुने भूभागको विना क्षतिपूर्ति लिने गरेको छ ।
- लोपोन्मुख लाप्चा जातिको गाउँ नै जोखिममा रहेको छ ।

**•शिव प्रकाश चौधरी, सप्तरी**

- थारू समुदायको परम्परागत धान राख्ने भकारी, ढिकी, जाँतो आदि आधुनिक प्रविधिको कारण लोप हुने अवस्था छ ।
- सप्तरीको चुरे क्षेत्रलाई सामुदायिक वनमा परिणत गरिएको छ ।
- चन्द्रनहर सुक्दै गएको, सामूहिक जग्गा जमिनहरू बाहिरबाट अन्य समुदाय बसाई सरी आउने क्रमहरूमा बृद्धि भएको कारण गुमाउँदै गएको छ ।
- चुरे भावरबाट बगेर आउने ढुङ्गा, माटो आदिबाट थारू समुदायको जग्गाहरू मरूभूमिकरण हुँदै गएको छ । कोशिटप्पु वन्यजन्तु आरक्षण क्षेत्रले थारूहरूको भूमि ओगटेको साथै सुरक्षाको लागि लगाइएको बाँध आदिबाट समुदायमा वर्षात्को बेला डुबान हुने समस्या छ ।
- सामूहिक माछा पालनको पोखरीहरू स्थानीय सरकारहरूले उनीहरूको मातहातमा राखेर समुदायबाट स्वामित्व हरण गरेको छ ।

**•राधिका श्रीश मगर, रूपन्देही**

- मगर समुदायको सामुहिक स्वामित्वमा रहेको भूमिको नगरपालिकाले स्वमित्व खोस्नुका साथै बाटोसमेत बन्द गरिदिएको अवस्था छ ।
- व्यक्तिगत जग्गाहरूसमेत छलकपट गरी राज्यको संयन्त्रहरूको बलमा मन्दिरको नाममा सारिएको छ । कलादेवि सारूको नाममा रहेको जग्गा देविस्थानको नाममा लगिएको छ ।
- वरिपरिका वन जंगलहरू सामुदायिक वनमा परिणत भइसकेको र त्यहाँबाट आउने जंगली जनावारहरूले समुदायलाई दुःख दिने गरेको छ ।
- तिनाउ नदीको तिरमा रहेको मगर समुदायको अन्त्यष्टी स्थललाई नगर प्रमुखकै संलग्नतामा घाटको परम्परागत नाम फेर्न दबाब दिइएको छ ।
- रूपन्देहीको दक्षिणी भेगमा सञ्चालित उद्योग धन्दा तथा कलकारखानाहरूले थारू आदिवासीहरूलाई विस्थापित गर्नुको साथै अन्य खाले दुःखहरू दिने गरेको छ ।
- बाटो-घाटो र प्लटिङको सिलसिलामा आदिवासीहरूको जग्गाहरू कब्जा हुने गरेको छ ।

**•प्रणय राई, खोटाङ**

- साकेला नाच्ने स्थान, देविस्थान आदिमा सडक विस्तार भइ सो स्थान नाश भएको छ।
- सडक विस्तार तथा निर्माणको कारण पहिरोको समस्या रहेको छ।
- पानीको मुहान क्षेत्रमा भइरहेको वन विनाश र अन्य निर्माण कार्यहरू भइरहेका हुँदा खानेपानी आपूर्तिमा समस्या बढ्दै गएको छ।
- आदिवासी जनजातिहरूको परम्परागत स्वामित्वसहितको वनजंगल क्षेत्रहरू सबै सामुदायिक वनमा रूपान्तरण भइसकेको छ।
- सामुदायिक वन नजिक रहेको आदिवासीहरूको जग्गाहरू खेतीपाती नगरी केही समय राखिएको अवस्था भएमा नजिकको सामुदायिक वनहरूले अधिग्रहण गरेको छ।

**•पविता थामी, दोलखा**

- अव्यावस्थित सडक विस्तारको कारण पहिरो, बाढी आदिको समस्या, जग्गाको क्षतिपूर्ति पनि नपाउने समस्या छ।
- सिंचाइलगायतको योजनाहरूमा लापरबाही हुँदा गाउँहरू जोखिममा परेको छ।
- थम्पु मावि निर्माणको क्रममा थामी समुदायको आस्थाको धरोहर धार्मिक स्थलहरू नाश गरिएको छ।
- जलविद्युत आयोजनाहरूले जग्गाहरूको मुआब्जाहरू अत्यन्तै न्यून प्रदान गर्ने गरेको छ।

**•छिरिङ मुगाली, मुगुम गाउँपालिका सदरमुकामदेखि ३ दिनको बाटो मुगु**

- हिमतालहरू फुटेर आउने बाढीले जग्गाहरू बगरमा परिणत भएको छ।
- राज्य संयन्त्र र बाहिरी आगन्तुकहरूको न्यून उपस्थितिको कारण भूमि अतिक्रमणको समस्या अलि कम रहेको छ।
- राज्यबाट विद्युत विस्तार नभएकोले दियालो निरन्तर बाल्नुपर्ने बाध्यत्मक परिस्थिति छ।
- यार्सागुम्बा जस्ता बहुमुल्य जडिबुटीहरू आफ्नै भूमिबाट संकलनको लागि सिडिओ कार्यलयबाट अनुमति लिनुपर्ने बाध्यता र कर समेत तिर्नुपरेका छ।

**•एन्जिला लामा र सुनिता मोक्तान, नुवाकोट**

- डम्पिङ साइटको कारण तामाङ आदिवासीको जीवनशैलीमा असर पुगेको छ।
- त्रिशुली र तादी खोलाबाट उत्पादित विद्युत हाइटेन्सन लाईन विस्तारको कारण आदिवासीहरूको जग्गा अधिग्रहण भएको, जोखिमपूर्ण रूपमा बस्नु परेको छ।
- सडक बिस्तार तथा निर्माणको क्रममा बाढी, पहिरो आदिको समुदायमा जोखिम, कुलो तथा सिंचाइ योजनाहरू मासिएको छ।
- शिवपुरी नार्गाजुन राष्ट्रिय निकुञ्जबाट आदिवासी जनजातिहरूको स्वामित्वमा रहेको जग्गामा आउने जंगली जनावरहरूबाट खतरा हुनुको साथै खेतीपातीमा समेत क्षति पुऱ्याइरहेको छ।
- मोहियानी हकअन्तर्गत प्राप्त हुने जग्गा पनि राज्यबाट नपाइएको अवस्था छ।
- ककनी पर्यटकीय क्षेत्रमा व्यापारीहरूले आदिवासीहरूको जग्गाहरू हडप्ने गरेको छ।

**•राकेश गुरूङ, सिन्धुपाल्चोक**

- आदिवासीहरूको स्वामित्वमा रहेको वनहरू सबै सामुदायिक, कबुलीयती, राष्ट्रिय निकुञ्ज आदिमा परिणत गरिएको छ।
- शिवपुरी नार्गाजुन, लाङटाङ राष्ट्रिय निकुञ्ज र बफर जोनहरूको कारण आदिवासीहरूको परम्परागत भूमि, सांस्कृतिक, धार्मिक स्थलहरूको उपयोग गर्न नपाउने भएको छ र अन्य विकल्पहरू खोज्न बाध्य भएको छ। यसका साथै ती क्षेत्रहरूको निर्धारण गर्ने क्रममा हाम्रो भूमिहरू कब्जा गरेबापत उचित मुआब्जाहरू पाइएको छैन।
- क्रसर उद्योगहरूले आदिवासीहरूको भूमि तथा भू-क्षेत्रहरूमा भएको प्राकृतिक स्रोत साधनहरूको अव्यावहारिक दुरूपयोग गरिरहेको र आदिवासीहरूलाई चाहिँ उपयोगमा समेत रोक लगाएको छ।

**•नरेन्द्र रोकामगर, रोल्पा**

- बाग्लुङ ढोरपाटन आरक्षण क्षेत्रमा आदिवासी जनजातिहरू मगर, छन्त्याललगायतलाई प्राकृतिक स्रोत साधनहरूमा पहुँचबाट राज्यले बञ्चित गराएको छ।
- यार्सागुम्बा लगायतको जडीबुटी संकलनमा रोक, राज्य र राज्य मार्फत आएको कम्पनीहरूबाट स्वामित्व खोसिएको छ।
- बाटो विस्तार तथा निर्माण (उवा-थवाङ) को क्रममा आदिवासीहरूको आस्थाको स्थलहरू विना सूचना, विना परामर्श नष्ट गरिएको छ।
- विकास तथा प्राकृतिक प्रकोपहरूबाट विस्थापित भएको वा हुने खतरा भएको आदिवासीहरूको सवाल संवोधन भएको छैन।
- हाम्रो जंगलमा पाइने हेम (गाँजा), अल्लोबाट परम्परागत रूपमा बनाइने कपडा र त्यससँग सम्बन्धित सीप, कला, हाम्रो जडिबुटी, परम्परा आदि राज्यबाट बर्जित गरिएको र हाम्रो परम्परा संस्कार आदि संकटमा परेको छ।
- कृषि बाली उत्पादन, खाद्य संस्कारलगायतको कुराहरू जलवायु परिवर्तनको कारण सँगसँगै राज्यको अव्यावहारिक नीति कार्यक्रम आदिवाट संकटग्रस्त अवस्थामा पुगेको छ।

**•दालाकी शेर्पा, तेह्रथुम**

- हाम्रो सामुहिक पशु चरण क्षेत्र (तेह्रथुम छथर गाउँपालिका) हरूलाई हाल राज्यबाट सामुदायिक वनमा परिणत गरिएको छ। जसको कारण दाउरा, घाँसलगायतको वन पैदावर उपभोगमा समस्या भइरहेको छ।

**•लिलम कुमारी चौधरी, सप्तरी**

- कोशिटप्पु वन्याजन्तु आरक्षण क्षेत्र स्थापना भएपश्चात हामीलाई आवश्यक पर्ने वन पैदावारहरू खर, घाँस, दाउरालगायतका कुराहरू उपभोगमा रोक लगाइएको छ। माछा, घुँगीलगायतको कुराहरू लिन प्रतिबन्ध गरिएपछि गरिब आदिवासीहरूको जीवनशैलीमा नकारात्मक असर परिरहेको। जंगली जनावारहरूले आक्रमण गर्दा मानिसको समेत मृत्यु हुने, घरलगायतको संरचनाहरू खेतीबाली आदिमा नोक्सान पुऱ्याउने गरेको छ।
- अन्तराष्ट्रिय सिमानामा भारतको मिचाहा प्रवृत्तिको कारण पनि हामी आदिवासीहरूले हाम्रो सामुहिक भूमि गुमाउँदै गइरहेको छौं। भारतीयले बनाएको तटबन्धहरूको कारण थारू आदिवासीहरूको बस्ती डुबान हुने गरेको छ।
- प्राकृतिक श्रोत साधनहरू बालुवा, गिटी, ढुङ्गा आदिको अत्यधिक तथा अव्यावहारिक दोहनको कारण डुबान र बाढी खतरा रहेको छ।

**•अधिराज राई र मञ्जु राई, खोटाङ**

- खुवालुङ राई किरातीहरूको धार्मिक स्थललाई विकासको नाममा राज्यबाट नष्ट गर्न खोजिएको छ।
- ओख्रे गाउँका रामप्रसाद राई गापामा किराती समुदायको बाहुल्या भएको भूमिमा धार्मिक अतिक्रमण गरिएको छ (विद्यायलमा हिन्दु मन्दिर बनाइएको)।
- आफ्नो आदिम् भूमिमा राज्यको विभिन्न निकाय तथा संरचनाहरूमा पहुँच र प्रतिनिधित्वबाट राज्यको एकल जातिवादी चिन्तन, व्यवहार, नातावाद र कृपावादको चंगुल लगायतबाट हामी आदिवासीहरू बञ्चित हुनु परेको अवस्था छ (बजेटमा पहुँच नभएको, सेवा सुविधा वा सरकारी पदहरूमा क्षमता भएतापनि अवसर प्राप्त गर्न नसक्नु वा नदिइनु, धर्म निरपेक्षतालाई सम्मान गर्ने गरी स्थानीय सरकारहरूको कार्यक्रम, योजना आदि नहुनु, जस्तो राईहरूको साकेला थान निर्माण वा संरक्षणको लागि बजेट विनियोजन गर्न धेरै गाह्रो हुने तर मन्दिरहरूको हकमा त्यस्तो नहुने अवस्था छ)।
- सांस्कृतिक, पुरातात्वातिक तथा धार्मिक स्थलहरू (चौतारा, समाधि स्थल, थान, गढी) लाई विकासको नाममा विनाश गरिएको अथवा गर्ने योजना बनाइएको छ। खोटाङ जिल्लाको रावावेशी गापा, डुम्रे धारापानी बीचमा रहेको कोट गढीलाई मासेर 'भिउ टावर' बनाउने योजना बनाएको पाइएको र हाल त्यसको विरूद्धमा संघर्ष जारी रहेको छ।

**•कुमार घिसिङ, रामेछाप**

- १३२ थर भएको तामाङ आदिवासीहरूको एक आदिम् थलोमा राज्यबाट अतिक्रमण भएको छ। रामेछाप र दोलखा जिल्लाको सिमानामा रहेको शैलुङ (सय थुम्का) मा भिउ टावर निर्माण गर्ने काम भइरहेको र त्यही टावरदेखि तल दोरम्भा घिसिङहरूको थातथलोमा हाम्रो माने भत्काएर नेपाली सेना बसेको छ।
- ऐतिहासिक स्थल तथा सम्पदाहरूमा पनि राज्यको अतिक्रमण छ।
- हाइड्रो पावरको कारण विभिन्न स्थानहरूबाट तामाङ समुदायहरू विस्थापित हुने क्रम जारी छ। साथै मध्य पहाडी लोकमार्गको कारण निम्न आय भएको तामाङ आदिवासीहरूको घर साथै खेतियोग्य जमिनहरू गुमेको छ। शिवपुरी राष्ट्रिय निकुञ्ज स्थापना भएको कारण हामीले परम्परागत रूपमा गर्ने गरेको शिकार संस्कार, विभिन्न स्थानहरूमा जान आउन बन्देज गरेको अवस्था, मेलम्ची खानेपानी आयोजनाको कारण विस्थापित भएको, काभ्रेमा दोङहरूको आदिम थातथलो तेमाल गाउँमा भएको ऐतिहासिक स्थल गुमाउनु परेका इतिहास छ।
- प्राकृतिक प्रकोपहरूको उच्च जोखिममा तामाङ समुदाय रहेको छ।
- हाम्रो सामूहिक भूक्षेत्रहरूमा सामुदायिक वनमा परिणत गरेको कारण हामीले सांस्कृतिक रूपमा, जीवनयापन गर्ने अर्थमा उपयोग गर्न नसकिएको अवस्था (जस्तै दुर्श-अन्तेष्टी स्थल) छ।
- सुनकोशी-मरिन डाइभर्सनको कारण सिन्धुली दक्षिण भेग र सर्लाहीको उत्तरी भेगका तामाङहरू विस्थापित हुने अवस्था सिर्जना भएको छ।

**•श्रुति कुमाल र मनिला कुमाल, गोर्खा**

- कुमाल समुदायको परम्परागत पेशा माटोको भाँडा बनाउने पेशालाई निरन्तरा दिन हाम्रो सामूहिक वन गोर्खाको सिरानचोक गापा ४ चोरकाटे कुमाल गाउँ जहाँबाट हामीलाई आवश्यक पर्ने माटो, वन पैदावार ल्याउने, उपयोग, पशु आदि चराउन नपाउने गर्ने गरेका थियौं तर हाल त्यस क्षेत्रलाई राज्यबाट सामुदायिक वनमा रूपान्तरण गरेको कारण हाम्रो परम्परागत पेशा संकटमा परेको छ, हाम्रो परम्परगात ज्ञानको पुस्ता हस्तान्तरणमा समस्या भएको छ।
- गोर्खाको गोर्लाङमा गण्डकी हाइड्रोपावरले कुमाल समुदायको जग्गा अतिक्रमण गरेको छ।
- चितवन राष्ट्रिय निकुञ्जको बन्देजको कारण कुमाल समुदायलाई वन पैदावार आदिको उपयोगबाट बञ्चित छ।
- मर्स्याङदी जलविद्युत आयोजनाको कारण गोर्खा पालुङटार नगरपालिका च्याङलीमा भएको कुमाल समुदायहरूको खेतियोग्य जग्गाहरू हडपेको छ।

**मर्स्याङ्दी जलविद्युत आयोजनाको कारण गोर्खा पालुङटार नगरपालिका च्याङलीमा भएको कुमाल समुदायहरूको खेतियोग्य जग्गाहरू हडपेको छ।**

**•सेहेन्द्र लावती, पाँचथर**

- अव्यावहारिक तथा अवैज्ञानिक विकास निर्माण बाटोघाटो खन्ने आदिको कारण पहिरो आदिको जोखिम, खानेपानीको मुहान सुक्ने गरेको, लिम्बूहरूको आदिम भूमिमा खोलामा माछा मार्ने मात्रै नभएर संस्कृति परम्परासँग जोडिएको विषयलाई हाल स्थानीय सरकारहरूबाट बन्देज लगाइएको हाम्रो संस्कार नै संकटमा परेको छ।
- बाटो बनाउने क्रममा क्षणिक लोभ लालच देखाएर न्यूनतम तथा बिना मुआब्जा जग्गाहरू हडपेको छ।

**•टाशी डोमा वालुङ, ताप्लेजुङ**

- वालुङ समुदायमा संरक्षण क्षेत्रको कारण समुदायको जिवनशैलीमा प्रभाव, गाईवस्तु चराउन नपाउने, ऐतिहासिक सम्पदाहरूलाई मास्ने कोशिस भएको छ।
- गाउँहरूबीच केक्यापको कारण विभाजन र झैझगडा समेत हुने गरेको छ। लोभ लालच देखाएर समुदायको सामूहिक जग्गा, सम्पत्ति आदिको स्वामित्व हरण गरेको छ।

**•पेम्बा फुटी शेर्पा, ताप्लेजुङ**

- तोप्केगोला समुदायमा मिक्वाखोला वडा नं. १ देखि ५ सम्मको सामुदायिक वनको कारण आश्रित समुदायलाई वन पैदावारबाट मात्रै वञ्चित गराइएको छैन, संस्कार संस्कृतिलाई अघि बढाउने सन्दर्भमा पनि रोकावटहरू गरिएको छ।

(ख) **उल्लेखित समस्याहरू समाधान गर्नका लागि सचेतना, जनवकालत, कानुनी र प्राज्ञिक प्रयासहरू के कस्ता गरिरहनु भएको छ ?**

- खोकनालगायत उपत्यकाको हकमा आन्दोलन, ध्यानाकर्षण तथा दबाबमूलक कार्यका लागि संघर्ष समितिहरू समेत गठन गरेर अभियान गरिरहेको छ।
- अडानपत्रहरू प्रस्तुत गरिएको, अभिमुखीकरण कार्यक्रमहरूको आयोजना, विभिन्न खाले सांकेतिक प्रदर्शनहरू गरेको, घरबारविहीन भएको घरपरिवारहरूलाई आदिवासीपनासम्बन्धी विभिन्न खाले कार्यक्रमहरू, कानुनी कदमहरू चालिरहेको छ।
- सामाजिक सञ्जालमार्फत् दबाब अभियान तथा नेपाल भाषा

**हाइड्रो पावरको कारण विभिन्न स्थानहरूबाट तामाङ समुदायहरू विस्थापित हुने क्रम जारी छ। साथै मध्य पहाडी लोकमार्गको कारण निम्न आय भएको तामाङ आदिवासीहरूको घर साथै खेति योग्य जमिनहरू गुमेको छ।**

लेखाउन, साथै संस्कृति सचेतना सम्बन्धी अभिमुखीकरण अभियान चलाइएको छ।

- जात्रा परम्पराहरूलाई राज्यको अवरोध भएता पनि निरन्तरता दिइरहेको छ।
- परम्परागत ज्ञान, सीप, कला आदिलाई नयाँ पुस्ताहरूमा हस्तान्तरण गर्ने कार्यक्रमहरू गरिरहेको छ।
- नेवा एकता तथा सामूहिक भावना विकासका लागि जागरण अभियान जारी राखेको छ।
- दोलखामा गोष्ठी तथा जनचेतनाका कार्यक्रमहरू गरिरहेको छ।
- बफर जोनसम्बन्धी पैरवी, छलफल निरन्तर चलिरहेको छ।
- वृक्षारोपण गर्ने कामहरू भइरहेको छ।
- संस्कृति संरक्षणसम्बन्धी कार्यक्रमहरू आयोजना गरिएको छ।
- सिन्धुपाल्चोकमा आइएलओ, एफपीकलगायतको सन्धिहरूको बारेमा सचेतना कार्यक्रम चलाइएको छ।
- रूपन्देहीको जग्गासम्बन्धी मामलामा लाहुर्निपसँग समन्वय गरेर कानुनी उपचारको लागि कार्य गरिरहेको छ।
- खुवालुङको विषयमा राज्य सरकार र सम्बन्धित निकायहरूमा ध्यानाकर्षण, पैरबी, दबाब दिनेलगायतको कदमहरू गरिरहेका छौं। संघर्ष समिति निर्माण गरी प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाइएको, मुख्यमन्त्रीलाई स्थलगत भ्रमण गराइएको, विज्ञ टोली निमार्ण गरी अध्ययन गरी प्रतिवेदन निर्माण गरिएको, यससम्बन्धी श्रव्य, दृश्य सामाग्रीहरू निर्माण गरी जनचेतना फैलाउने काम वा प्रयास गरिएको छ।
- दमकको आदिवासी जनजातिहरूको समाधिस्थललाई मासेर राज्यवाट पार्क बनाउन लागेकोमा आसदवासीहरूको सामुहिक दवाबको कारण हाल स्थगन भएको छ।
- समुदायमा हाम्रो पहिचान र अधिकारसहितको राज्यको पुनः संरचनाको सवालमा हामीले सक्ने जति अभियानहरू सञ्चालन गरिरहेको छौं।
- राज्यको निकायहरूमा प्राकृतिक स्रोतसाधानहरूको उपयोग गर्न पाउँ भनी दबाब, ध्यानाकर्षण पत्र, ज्ञापनपत्र आदि बुझाएका छौं।
- कुमाल समुदायमा परेको समस्याका सम्बन्धमा राज्य सरकार र सम्बन्धित निकायहरू निवेदन, ध्यानाकर्षण पेश गर्ने, आन्दोलन दबाबहरू दिइएको छ।
- काठमाडौं र तोप्केगोलामै भएको तोप्केगोला समुदायहरूबीच जलवायु परिवर्तनको असर र उपायहरू बारे निरन्तर छलफल भइरहेको छ।
- शैलुङको सम्बन्धमा तामाङहरूभित्रको विभिन्न थरगत संस्थाहरूबीच व्यापक छलफल गरी मूल संस्था तामाङ घेदुङ र घिसिङ समाजले प्रेस विज्ञप्ती निकाली स्थानीय सरकारसमक्ष ध्यानाकर्षण पत्र बुझाएको छ। सबै पक्षहरूमा त्यस स्थान घिसिङहरूकै आदिम थलो रहेका कुरा विभिन्न आधारहरूसहित पेश गरिएको छ।
- तामाङहरूको संस्कार, परम्परा, ऐतिहासिक तथा धार्मिक सम्पदाहरू तामाङ आदिवासीको मात्रै नभएर सबै समुदाय साथै राज्यकै सम्पत्ति भएको कारण यसको संरक्षण, प्रवर्द्धन र विकासको लागि सबै पक्ष लाग्नुपर्ने आवश्यकता रहेको विषयहरूलाई समेटेर विविध खाले गोष्ठी, छलफल, परामर्श, पैरबी, ध्यानाकर्षण कार्यक्रमहरू गरिएको छ।
- लिदी पहिरोबाट विस्थापितहरूलाई स्थापित गर्नका लागि प्रयास गरिएको र सफल पनि भएको छ।
- ढोरपाटन क्षेत्रमा भएको समस्याहरूको समाधानका लागि समुदायबाट आन्दोलन, संघर्ष, ध्यानाकर्षण गराउने कदमहरू गरिएको र हाल पनि निरन्तर गरिरहेका छौं।

(ग) **ती समस्याहरू समाधान गर्नको लागि के–कस्ता आवश्यकताहरू छन् ?**

- समुदायमा एकताको भावना, समन्वय, सहकार्य, संवादको संस्कृति विकास गर्नुपर्ने देखिन्छ।
- थारू समुदायमा वन्यजन्तुहरूले दिइरहेको दुःखबाट बच्न आवश्यक सुरक्षा मापदण्डलगायत तारजाली लगाउनुपर्ने देखिन्छ।
- आदिवासी जनजातिहरूको भूमि अधिकार, सवाल तथा मुद्दाहरू, जलवायु परिवर्तन र यसबाट हुने हानी, क्षति आदिको बारेमा स्थानीय स्तरदेखि जनचेतनामूलक कार्यक्रमहरू, क्षमताको अभिवृद्धि, शिक्षा गर्नुपर्ने आयोजना गर्नुपर्ने आवश्यकता छ।
- राज्य तथा अन्य निकायहरूले गर्ने हरेक कार्यक्रमहरूको बारेमा हामी आदिवासी जनजातिहरूलाई पूर्व सुसूचित, निरन्तर समन्वय गर्नुपर्ने आवश्यकता छ।
- पत्रकार राष्ट्रको एक प्रमुख अङ्गसँग हामी आदिवासीहरूको मुद्दाहरूको बारेमा सहकार्य गरी जनवकालतमा अझ प्रभावकारिता ल्याउन आवश्यक देखिन्छ।
- स्थानीय सरकारका प्रतिनिधिहरू, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूमा पनि हामी आदिवासी जनजातिहरूको यावत विषय तथ मुद्दाहरूको बारेमा जनचेतनामूलक कार्यक्रमहरू गर्दै सचेत, ध्यानाकर्षण गराउनु पर्ने देखिन्छ।
- अनुगमन तथा मूल्यांकनको संयन्त्रहरू आदिवासी आयोग, राष्ट्रिय मानव अधिकार आयोगलगायतलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ।
- महिला तथा युवा वर्गहरूलाई सशक्तिकरण गर्नका लागि प्राथमिकता दिनु पर्दछ।

(घ) **तपाईंहरूको रणनीति के कस्ता छन् ?**

- आदिवासी जनजातिहरूमा स्थानीय स्तरबाटै हाम्रो साझा मुद्दा तथा सवालहरूको बारेमा व्यापक जनचेतना फैलाउने, नेतृत्व विकास गर्ने, राज्य तथा सरोकारवाला निकायहरूसम्म नै जनपैरवी गर्ने, ध्यानाकर्षण गराउने।
- वार्ता, संवाद आदिको माध्यमहरूबाट समाधान खोज्ने।
- संघर्ष, दबाबमूलक कार्यक्रमहरूलाई निरन्तरता दिने।
- हाम्रो समुदायमा सूचना सम्प्रेषणको माध्यमलाई पूर्ण र प्रभावकारी बनाउने।

# आदिवासी जनजातिको वर्तमान अवस्था, चुनौती र अबको बाटो

सुख वीर थामी



यस लेखमा नेपालका हामी आदिवासी जनजातिहको वर्तमान चुनौतीहरू के-कस्ता र अबको हाम्रो बाटो कस्तो रहनुपर्छ भन्ने विषयहरूलाई विश्लेषण गर्ने प्रयास गरिएको छ । चुनौतीहरूको सवालमा पहिलो, नेपालको राज्यसत्ता, दल, एकात्मकवादी चिन्तन भएका समुहहरू, आयतित् धर्म संस्कार आदि, दोस्रो, हाम्रो आफ्नै कमजोरीहरू जसलाई आन्तरिक कारण पनि भनिएको र तेस्रो, जलवायु परिवर्तनको कारण विश्वको तापक्रम बढ्दै गएको परिप्रेक्ष्यमा त्यसको दोहोरो, तेहोरो असर आदिवासीहरूमाथि पर्ने भएको गरी तिन वटा पाटोहरूबाट व्याख्या गर्ने जमर्को गरिएको छ ।

१. **राज्यलगायत बाह्य कारण**

नेपालका आदिवासीहरूले विगत लामो समयदेखि आफ्नो पहिचान, हक अधिकार, सहअस्तित्व र समुदायको समग्र विकासको लागि संघर्ष जारि राखेको कुरा सर्वविधितै छ । यसबीचमा आदिवासीहरूले विभिन्न तवरबाट संघर्षको वाटोहरू तय गरेका छन् । आदिवासी संघसंस्थाहरू स्थापना गर्नुको साथसाथै ती संघसंस्थाहरूको छाता संगठन स्थापना गरेर पनि सामूहिक रूपमा संघर्षका पाईलाहरू अगाडि बढाइराखेका छन् ।

*क) राज्यसत्ता र दलहरू*

सदियौंदेखि राज्यको मूल प्रवाहवाट वाहिर रहेको परिप्रेक्षलाई मध्यनजर गर्दै यहाँका आदिवासीहरूले विभिन्न समयमा विभिन्न तवरबाट गरेको विभिन्न खाले आन्दोलन, दवावमूलक कार्यक्रमहरू, कुटनीतिक पहलकदमी आदिको जगबाट विशेषगरी जनआन्दोलन भाग-२ पश्चात नेपालको

**नेपाल आदिवासी जनजाति महासंघसहित यसको विभिन्न ५६ वटा सदस्य संगठनहरूमध्ये अधिकांशको राष्ट्रिय महाधिवेशन विधानत समयसिमा नाघेको धेरै भइसक्दा पनि हुन सकिरहेको छैन ।**

**संविधानसभाबाट ल्याइएको संविधानले आदिवासीहरूको स्थापित मुद्दाहरूको सम्वोधन गर्नु त कता हो कता अन्तरिम संविधानले दिएको केहि महत्वपूर्ण हकअधिकारलाई पनि कटाउने काम गरेर राज्य, केहि दल, तथा सरकार पश्चगमनतिर लागेको संकेत गऱ्यो ।**

राष्ट्रिय राजनीतिमा पहिचान, अग्राधिकार, संघीयता, धर्म निरपेक्षता, समानुपातिक समावेशीता जस्ता मुद्दाहरूले स्थान बनाउन सफल भयो । अन्तरिम संविधान-२०६३ ले यी मुद्दाहरूलाई केहि हदसम्म समावेश पनि गऱ्यो । जब २०६४ सालमा पहिलो संविधानसभाको निर्वाचनपश्चात् परिणाम आयो, पहिचानवादीहरूले भनौं या नेपालका उत्पीडित वर्ग समुदाय, जाति, लिङ्ग, धर्म, क्षेत्र आदिले माथि उल्लेखित मुद्दाहरू स्थापित भइराख्ने मात्र होइन अव यिनीहरू संविधानमै संस्थागत हुने र कार्यान्वयनबाट सम्बन्धित जाति, समुदाय, लिङ्ग, क्षेत्रहरूले यसको उपभोग गर्ने सुअवसर प्राप्त गर्छ भन्ने विश्वास पनि गर्न थाले । यसबीचमा परिवर्तन नचाहने शक्ति र दलहरूले यि मुद्दाहरूलाई संविधानमा समावेश नगराउने विभिन्न खाले कदमहरू चाल्न थाले, जुन कदमहरूकोविरूद्ध नेपाल आदिवासी जनजाति महासंघले पनि अन्य उत्पीडित वर्ग समुदायले झैं खवरदारी तथा दवावमूलक कार्यक्रमहरूको आयोजना गरि नै रह्यो । जसबाट महासंघ र सरकारबीच वार्ता तथा सहमति पनि कायम भयो । यति हुँदाहुँदै पनि पहिचान विरोधी, यथास्थितिवादीहरूले अन्तत्वगत्व पहिलो संविधानसभालाई भंग गराएरै छाडे । २०६९ सालको दोस्रो संविधानसभाको निर्वाचनको परिणामले पहिचानवादीहरूको पल्ला कम देखियो र परिवर्तन नचाहनेहरूको एक प्रकारले विजय नै भयो । यही संविधानसभाबाट ल्याइएको संविधानले आदिवासीहरूको स्थापित मुद्दाहरूको सम्वोधन गर्नु त कता हो कता अन्तरिम संविधानले दिएको केहि महत्वपूर्ण हकअधिकारलाई पनि कटाउने काम गरेर राज्य, केहि दल, तथा सरकार पश्चगमनतिर लागेको संकेत गऱ्यो । समग्रमा भन्दा पहिलो संविधानसभा भंग गरिएपश्चात आदिवासीहरूको हक अधिकार कटौती गर्दै लैजाने राज्यको नीति नै बन्यो । यसबीचमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान खारेजीको विषय आउनु, उक्त प्रतिष्ठानलाई राज्यले नियमित उपलब्ध गराउँदै आएको वजेटको कटौती गर्नु, संविधान लेखनको क्रममा संविधानको मस्यौदामा आदिवासी आयोगको व्यबस्था नगराइएपछि आदिवासीहरूको विभिन्न खाले दवावको कारण संविधानको अन्तिम् मस्यौदामा आदिवासी आयोग आएपनि काम, कर्तव्य र अधिकार विहीन अस्थायी प्रकृतिको आयोग व्यबस्था गरिनु, संविधानको मौलिक



हकमा आदिवासीको अधिकार नसमेटिनु, धर्म निरपेक्षताको अपव्याख्या गरिनु, समावेशिताको मर्म र भावनालाई खिल्ली उडाउँदै सबैलाई आरक्षरणको व्यावस्था गरिनु जस्ता राज्यको कदमहरूले माथि उल्लेखित कुराहरू प्रमाणित गर्छ। न्यायालयले पनि आरक्षण सम्बन्धी हामी आदिवासीहरूको लागि गैरन्यायिक हिसाबमा भर्खरै गरेको फैसलाले पनि न्यायालय समेत हाम्रो पक्षमा नरहेको प्रष्ट हुन्छ। सर्वोच्चले उक्त फैसला संविधान नै संशोधन गरे सरह फैसला गरेको छ, जबकी संविधानको धारा ७६(५) अनुसार सर्वोच्चको अधिकार संविधान संसोधन गर्ने नभएर यसलाई व्याख्या गर्ने अधिकार मात्रै रहेको छ।

यसका साथै राज्यले २०६४ सालमै अनुमोदन गरेको अन्तर्राष्ट्रिय श्रम संगठन अभिसन्धि नम्बर १६९ जो आदिवासीहरूको पहिचान र अधिकारको लागि ल्याइएको हो सोको कार्यान्वयन अत्यन्तै फितलो हुनु, ऐतिहासिक तथा सांस्कृतिक चाडहरू उभौली, उधौली, माघी वा माघे सक्रान्ती, सोनाम ल्होसार, ग्याल्बो ल्होसार, तमु ल्होसार आदिमा यसअघि दिइदै आएको सार्वजानिक विदाहरू कटौती गर्नु आदिले राज्यसत्ताको हामी आदिवासी जनजातिहरूप्रतिको नियत प्रष्ट हुन्छ।

*ख) आयतित धर्म संस्कृतिको कारण*

धर्म निरपेक्षतालाई गलत अर्थ लगाउँदै राज्यबाट पनि आवश्यक नियमन र ठोस कदमहरू नचालिंदा हाल आएर नेपालको सबै मौलिक धर्म संस्कारहरूको साथसाथै हामी आदिवासीहरूको परम्परागत र मौलिक धर्म, संस्कार, संस्कृति आदिलाई आयतित धर्म, संस्कारहरूले दिन दाहाडै प्रहार गरिरहेको छ। हामीले जान अन्जानवश पश्चिमा संस्कृतिहरूको सिको गर्नु एउटा प्रमुख चुनौती हुँदै हो, अर्कोतर्फ विभिन्न बाहाना, प्रलोभन आदि देखाइ गरिब, सोझा नागरिकहरूलाई जबरजस्ती धर्म परिवर्तन गराउनुले पनि हाम्रो पहिचान र अस्तित्व संकटमा पर्दै गइरहेको अवस्था छ। यस खाले अत्यन्तै संवेदनशील विषयमा पनि राज्य बेखबर वा भनौं वेवास्ता गर्दै बसिरहेको छ, जसको कारण राज्यले नै कालान्तरमा ठूलो मूल्य चुकाउनु पर्ने देखिन्छ।

**२. हाम्रो आफ्नै/आन्तरिक कारण**

मुख्य रूपमा राज्य सत्ता, दल तथा एकात्मकवादी चिन्तनधारीहरू, आयतीत संस्कारहरू आदिको कारण हामी आदिवासीहरू राज्यको मूलधारबाट वञ्चित भएको, हाम्रो अस्तित्व र पहिचानमाथि प्रहार भएको भएतापनि हाम्रो पहिचान र अधिकारहरू स्थापित हुन नसक्नुमा हाम्रो आफ्नै आन्तरिक कारणहरू पनि रहेको छ। राज्यसत्ता, दल आदिलाई मात्रै दोष दिएर आफ्नो कमिकमजोरीहरूको गहन समीक्षा र मुल्याङ्कन गर्दै आदिवासी पहिचान र अधिकारको अभियान सफल बनाउन आगामी योजना, रणनीति र कार्यक्रमहरू तय नगर्ने हो भने हामी अबको दशकौंसम्म पनि सही गन्तव्यमा पुग्ने छैनौं। केही कारणहरूलाई यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छः

*क) फरक विचारधारको आदिवासी नेतृत्वहरूबीच सहकार्य र समन्वय संस्कृतिको अभाव*

विभिन्न दलहरूभित्र रहेको आदिवासी नेतृत्व, अभियन्ताहरूबीच आदिवासीहरूको साझा मुद्दा तथा अधिकारको सवालमा आ-आफ्नो दलको आस्था तथा विचारहरू हाबी भइ समुदायको मुख्य मुद्दा तथा सवालहरूमा एकजुट हुन नसक्नु, फरक आस्था र बिचार भएकै कारण एक अर्काको अस्तित्व स्वीकार गर्न नसक्नु, दल तथा आस्थाप्रति हदभन्दा बढी लगाव वा लम्पसार मानसिकता हाबी हुनु, आदिवासीहरूको पहिचान र अधिकारको मुद्दाहरूमा कोही कसै आदिवासी नेताहरूले दलभित्र आन्तरिक संघर्ष गर्ने प्रयासहरू गरेतापनि सोही दलभित्रका अन्य आदिवासी नेताहरूले साथ, समर्थन नगर्नु आदिले नेपालमा आदिवासीहरूको शक्ति दिनानुदिन क्षीण हुँदै गएको सत्य हो। त्यसैले विभिन्न दलहरूमा आस्था राख्ने नेता अभियान्तहरूले समग्र आदिवासीहरूको पहिचान र अधिकारको सवालहरूमा दल भित्र र बाहिर समेत एकजुट भई सहकार्य र समन्वय गर्दै हाम्रो साझा अभियानमा लाग्ने वातावरण बनाउनुपर्ने आजको जिम्मेवारी र चुनौतीहरूलाई सबैले बुझ्न सक्नु पर्दछ।

*ख) निहीत स्वार्थको लागि राज्य र दलहरूबाट प्रयोग हुने प्रवृत्ति हाबी हुनु*

राज्य र दलको राजनीतिक नीति नै हो, 'फुटाउ अनि शासन गर'। यस मामलामा हामी राज्य र दलहरूबाट प्रयोग हुन अत्यन्तै सहज देखिएको छौं। त्यही भएर हामी आदिवासीहरूको वास्तविक मुद्दाहरू कुनै पनि राजनीतिक दलको वास्तविक मुद्दा कहिल्यै बन्न सकेन। समुदायबीचको एकता दिनानुदिन कमजोर बन्दै गइरहेको छ, हामीलाई अनेक बाहानामा फुटाइएको छ, 'फुटाउ अनि राज गर' भन्ने राज्यसत्ता र दलहरूको नीतिप्रति अनविज्ञ छौं या क्षणिक स्वार्थमा रमाउन साथ दिइरहेको छौं ? मानिसहरूको आस्था, विचार आदि फरक हुनु स्वभाविक हो तर हामीलाई हाम्रो पहिचान र अस्तित्व आस्था र विचार भन्दा महत्वपूर्ण नलाग्नु दुःखद हो। जसको कारण हाम्रो साझा र अति महत्वपूर्ण मुद्दाहरू ओझेलमा परिरहेको छ। दलको नीति, कार्यक्रम आदिमा हाम्रो मुद्दाहरूलाई समावेश वा संस्थागत गर्ने भुमिका निभाउनु भन्दा पनि आफ्ना नेताहरूको

**विभिन्न दलहरूमा आस्था राख्ने नेता अभियान्तहरूले समग्र आदिवासीहरूको पहिचान र अधिकारको सवालहरूमा दल भित्र र बाहिर समेत एकजुट भई सहकार्य र समन्वय गर्दै हाम्रो साझा अभियानमा लाग्ने वातावरण बनाउनुपर्ने आजको जिम्मेवारी र चुनौतीहरूलाई सबैले बुझ्न सक्नु पर्दछ।**

नराम्रो व्यवहार, कदम र आचरणहरूलाई समेत सही मान्दै उनीहरूको 'फेस सेभिङ' गर्ने भुमिका खेल्ने, व्याक्तिगत र गुटगत स्वार्थको लागि मात्रै केन्द्रित भई दिन्छौं । झर्ला र खाउँला भन्ने जस्ता दासी मानसिकता हामीमा दिनानुदिन तिव्र रूपमा विकास भइरहेको छ। हाम्रो यस्ता विचार, व्यवहार, प्रवृत्ति र चिन्तनहरूको कारण हाम्रो पुस्तौं पुस्तासम्म नकारात्मक असर पर्ने कुरा निश्चित छ।

*ग) समुदायमा हाम्रै मुद्दा तथा सवालहरूको बारेमा चेतना अभाव हुनु*

आदिवासी जनजातिहरूको पहिचान, प्रतिनिधित्व, पहुँच, अस्तित्व, भूमि अधिकार, संघीयता, धर्म निरपेक्षता, समावेशीकरण लगायतको मुद्दाहरू उठाउन थलिएको धेरै समय बिते पनि खास आदिवासी समुदायहरूमा यि मुद्दाहरू कस्तो हो ? किन आवश्यक छ हाम्रो लागि ? हाम्रो मौलिक धर्म, संस्कार किन हाम्रो अस्तित्वसँग जोडिएको छ? भन्ने जस्ता विषयहरू बुझ्न तथा बुझाउन नसक्नु पनि हाम्रो कमजोरी हो । आदिवासी अभियन्ताहरू धेरैजस्तो शहर केन्द्रित भई निश्चित सर्कलभित्र मात्रै छलफल, संवाद आदि गर्ने परम्परा भएको कारण गाउँ बस्ती र टोल टोलसम्म हाम्रो मुद्दाहरू पुग्न सकेन। जसले गर्दा आदिवासीको अभियान सोंचे जस्तो प्रभावकारी र फलदायी बन्न सकेको छैन।

*घ) उग्र जातिवादी चिन्तन*

हामी एकात्मक जातिवादको विरोध गर्छौं तर कतिपय अवस्थामा हामीले जुन शासन व्यवस्था, चिन्तन र व्यवहारहरूको विरोध गरिरहेको हुन्छौं, त्यही चिन्तन र व्यवहारहरू देखाइरहेको हुन्छौं । वास्तवमा आदिवासीहरूको मुख्य मुद्दाहरूको विरूद्धमा रहेको दल, संगठनहरूभित्र रहेका आदिवासी नेताहरूलाई साथ, समर्थन गर्न हाम्रो नैतिकताले दिँदैन तर पनि कतिपय आदिवासी अभियन्ताहरू यस मामलामा अघि नै देखिने गरेको पाइन्छ।

**३. जलवायु परिवर्तन र विश्वमा यसबाट परिरहेको असरहरूको कारण**

हाल विश्वभर नै जलवायु परिवर्तनका कारण पृथ्वीको तापक्रम बढिरहेको छ। जसबाट प्राकृतिक प्रकोपको खतरा दिनानुदिन बढिरहेको छ र यसले मानव जीवनलाई संकटग्रस्त बनाइरहेको छ। हुन त जलवायु परिवर्तनको असर विश्वभरको सबै मानव समुदायलाई पर्छ तैपनि विशेष कारणहरूले गर्दा आदिवासीहरूलाई दोहोरो, तेहोरो रूपबाट यसले असर गरिरहेको हुन्छ । आदिवासीहरूको जल, जमिन, जंगल र प्राकृतिक स्रोत साधनहरूसँगको अन्योन्याश्रित सम्बन्ध र उनीहरूले ती प्राकृतिक स्रोत साधनहरूलाई आफ्नो भगवान वा देउताहरूको रूपमा पुज्ने जस्ता सांस्कृतिक र आध्यात्मिक कारणहरूले गर्दा पनि आदिवासीहरू जलवायु परिवर्तनको बढि मारमा पर्ने गरेका हुन्। आदिवासीहरूको जीवनशैली, संस्कार, परम्परा, सीप, कला आदिलाई जलवायु परिवर्तनको कारण प्रत्यक्ष रूपमा असर पर्ने भएकोले यसको लागि समाधान खोजिनु अत्यावश्यक छ।

**संघर्ष र अभियानको पक्षमा पनि त्यसरी नै प्रभाव परेको देखिन्छ, सडक नै आन्दोलन र संघर्ष गर्ने माध्यम भएकोले त्यसो गर्न नमिलेको अवस्थामा राज्यले पनि यही मौकामा आदिवासीहरूल प्राप्त गरेको सिमित उपलव्धीहरूलाई समेत खोसेको छ ।**

यसका साथै पछिल्लो समय कोरोना महामारीको कारण पनि हाम्रो संस्कार, परम्परा, आर्थिक-सामाजिक प्रणाली, जीवनपद्धति लगायतका पक्षहरूमा व्यापक नकारात्मक असरहरू परिरहेको छ । संघर्ष र अभियानको पक्षमा पनि त्यसरी नै प्रभाव परेको देखिन्छ, सडक नै आन्दोलन र संघर्ष गर्ने माध्यम भएकोले त्यसो गर्न नमिलेको अवस्थामा राज्यले पनि यही मौकामा आदिवासीहरूल प्राप्त गरेको सिमित उपलव्धीहरूलाई समेत खोसेको छ। यता सामुहिक र प्रभावकारी तवरबाट आन्दोलन गर्नका लागि आदिवासी संगठनहरूको अद्यावधिक हुन नसक्नु पनि एउटा कारण बनेको देखिन्छ। नेपाल आदिवासी जनजाति महासंघसहित यसको विभिन्न ५६ वटा सदस्य संगठनहरूमध्ये अधिकांशको राष्ट्रिय महाधिवेशन विधानत समयसिमा नाघेको धेरै भइसक्दा पनि हुन सकिरहेको छैन।

**समाधान के त ?**

आदिवासीहरूको माग र मुद्दाहरू आदिवासीहरूको मात्रै नभएर सिङ्गो राज्यको मुद्दा हो । नेपालको करिब आधा जनसंख्यालाई बहिष्करणमा पारेर राज्यको सम्वृद्धिको सपना पूरा हुन सक्दैन । जबसम्म समाज र राष्ट्रमा भाषा, धर्म, संस्कार, संस्कृति, लिङ्ग, क्षेत्र, आदिको नाममा विविध खाले विभेदहरू कायम रहन्छ, तबसम्म देशले दिगो शान्तिको स्वास फेर्न कुनै पनि हालतमा पाउँदैन । त्यसो भएको हुनाले नेपालको आदिवासीहरूको मुद्दाहरूलाई सम्वोधन वा संस्थागत गर्न राज्य र हाम्रो आफ्नै पनि महत्वपूर्ण दायित्वहरू रहेको छ।

**१. राज्य वा दलहरूको दायित्व**

देशको नीति, कानुन, ऐन आदि बनाउने प्रक्रियामा सत्तापक्ष मात्र होइन, प्रतिपक्षी दलहरूको समेत महत्वपूर्ण जिम्मेवारी वा भूमिका रहने हुँदा राज्य वा दलहरूको दायित्वलाई एक जस्तै मानी यहाँ उल्लेख गरिएको छ । सरकार पक्ष राष्ट्र भइकन अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धिहरूको कार्यान्वयन पक्ष मजवुत वनाई आदिवासीहरूले माग गरेको हक तथा अधिकारहरूको बारेमा सकारात्मक कदम चालिनु पर्दछ जसले देशको दिगो विकास र स्थायी शान्ति कायम गराउने कार्यमा सहयोग पनि पुग्दछ । नेपालको संविधान लेखन कार्य सम्पन्न भइसकेको करिव ७ वर्ष हुन लागेको छ जसमा पनि नेपालका आदिवासीहरूको केही असन्तुष्टीहरू कायमै छन् । जसलाई समाधान गर्न सरकार वा राज्य पक्षले आदिवासीहरूसँग यसअघि विभिन्न समयमा गरेका सम्झौताहरूको अक्षरश पालना गर्दै ति बुदाँहरूमा उल्लेख भएका विषयवस्तुहरूलाई संविधानमा संस्थागत गर्नुपर्ने हुन्छ। यसका साथै संविधानमै भएको कतिपय विवादित विषयहरूमा पनि राज्य संबेदनशील हुन जरूरी देखिन्छ। जस्तो, धर्म निरपेक्षताको गलत परिभाषा वा स्पष्टिकरणको आवश्यकता किन ? विवादित हुँदाहुँदै राष्ट्रिय जनावार गाईलाई पुनः कायम गरियो किन ? अधिकांश जनताहरूले एक सिङ्गे गैंडा, रेडपाण्ड आदिलाई राष्ट्रिय जनवारको रूपमा राखिनु पर्छ भनिरहँदा सुनुवाई भएन किन ?

आदिवासी आयोगको सन्दर्भ पनि फरक छैन, अस्थायी प्रकृतिको आयोगको व्यवस्था गरिनु त छँदैछ, आयोगको काम कर्तव्य र अधिकार के हुने भन्ने पनि स्पष्ट उल्लेख नगरी सरकारले आदिवासी आयोगलाई नाम मात्रको अधिकारविहीन आयोगको रूपमा अघि सारेको देखिन्छ । संविधानले सम्वोधन गर्न नसकेको अर्को विषय हो, पहिचानमा आधारित प्रदेश, स्वायत्त, संरक्षित र विशेष क्षेत्रहरूको नामाकरण। विश्वमा यसको अभ्यास प्रशस्त हुँदाहुँदै पनि यस राज्यमा आदिवासीहरूलाई जातिवादको आरोप लगाउनमा मात्र उद्दत देखियो । मिडियाले पनि राज्यलाई साथ दिँदै जनमानसमा भ्रम पैदा गरे र अझै गरिरहेका छन् । पहिचानमा आधारित प्रदेशको नामाकारणको विषय संविधानमा

अधुरो नै रहेतापनि स्वायत्त, संरक्षित र विशेष क्षेत्रहरूको व्यवस्था त गऱ्यो तर त्यो व्यावस्था पनि स्थानीय निकायको पुनःसंरचना आयोगले खाइदियो । सो आयोगले सरकारलाई प्रतिवेदन बुझाउँदा गाउँपालिका र नगरपालिकाको संख्या तथा सिमा र नामाकरणलाई मात्र समावेश गऱ्यो, जसले गर्दा पनि आदिवासीहरूमा संविधानप्रति मतभिन्नता देखिएको हो ।

यता जलवायु परिवर्तनको सन्दर्भमा पनि सरकारले बनाउने राष्ट्रिय अनुकुलन योजना, राष्ट्रिय प्रतिबद्ध, योगदान नीति, योजना, कार्यक्रम आदि तय गर्दा र ती कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको लागि पनि यहाँको आदिवासीहरू सँगसँगै राज्यले कदमहरू चाल्न जरूरी छ। यि सबै कदमहरूको लागि सरकार पक्ष र प्रतिपक्षहरूको पनि भूमिका प्रत्यक्ष र प्रभावकारी रूपमा हुन आवश्यक रहन्छ ।

**बुँदागत रूपमा सुझावहरू**

●सरकार, राज्य र दलहरूले आदिवासीहरूका माथि उल्लेखित यि र यस्ता जायज माग तथा अधिकारका विषयहरूलाई संविधान र कानुनमा सम्वोधन गर्न ढिलो गर्न नहुने देखिन्छ । जति पनि कानुनी रूपमा स्वीकार गरिएको छ त्यसको कार्यान्वयन पक्ष मजवुत वनाउनु पर्ने जिम्मेवारीबाट पनि सरकार टाढा जानु हुन्न ।

●नेपालको मौलिक धर्म, संस्कारहरूमाथि भइरहेको प्रहारहरूको न्यूनीकरण वा निर्मुलीकरणको लागि राज्यले कडा कानुनहरू बनाएर कार्यान्वयन गर्नुपर्दछ जसलाई दलहरूले पनि साथ दिन आवश्यक छ ।

●सरकार र आदिवासीहरूबीच यसअघि विभिन्न समयमा भएको सन्धि तथा सम्झौताहरूको कार्यान्वयन हुनुपर्दछ ।

●आई.एल.ओ.अभिसन्धि नं. १६९ अनुमोदन भएको १० वर्ष हुन लागेपनि यसको कार्यान्वयन पक्ष हालसम्म पनि अत्यन्तै फितलो भएकोले राज्य यतातर्फ पनि संवेदनशील हुन आवश्यक छ। यसको साथै संयुक्त राष्ट्रसंघीय घोषणापत्रको विषयहरू पनि रहेको भुल्न हुँदैन ।

●जलवायुसम्बन्धी राज्यले गर्ने हरेक कदमहरूका सन्दर्भमका पनि आदिवासीहरूसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महासन्धि, सन्धि, कानुन, नीति, सम्झौता, घोषणापत्र आदिको सम्मान गर्दै कार्यान्वयनमा ल्याउनु पर्दछ ।

**२. हाम्रो जिम्मेवारी**

हाम्रो अधिकार र पहिचान स्थापित नहुनु वा यस सम्बन्धी आन्दोलन तथा अभियानहरू कमजोर हुनुमा हाम्रो पनि कमजोरीहरू छन् भनेर स्वीकार गर्दै वा भनौं आत्मसमीक्षा गर्दै आगामी दिनहरूमा यस खाले कमजोरीहरूलाई कसरी न्यूनीकरण गर्दै लैजाने भन्ने सन्दर्भमा बुँदागत रूपमा यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ :

●आदिवासी नेतृत्व तथा अभियन्ताहरूबीच विचारहरूको विविधतामा एकताको भावना विकास भइ व्यवहारमा उतार्न अत्यन्त जरूरी छ। जबसम्म हामी आस्था विचार आदिको आधारमा विभक्त भइरहन्छौं, तबसम्म हाम्रो पहिचान र अधिकारको मुद्दाहरू सदैव अझेलमा नै परिरहने निश्चित छ ।

●आदिवासीहरूको समग्र मुद्दाहरूको बारेमा हरेक गाउँ, बस्ती र टोलहरूसम्म छलफल, विमर्श, अन्तरक्रिया, सचेतना कार्यक्रम आदि गराउन आवश्यक छ ।

●जलवायु परिवर्तन के हो ? यसको नकारात्मक असरहरू के कस्ता छन् ? असरहरू न्यूनीकरण गर्न के कस्ता कदमहर चालिनु पर्दछ ? हामी आदिवासीहरूमा यसको असर किन र कसरी दोब्बर/तेब्बर पर्छ ? संरक्षणका उपायहरू के र कस्ता छन् ? भन्ने लगायतको विषयहरूमा पनि गाउँ गाउँदेखि सचेतनामूलक कार्यक्रमहरू व्यापक रूपमा आयोजना गर्न आवश्यक छ ।

●उग्र जातिवादको चिन्तन्लाई त्याग्न सक्नुपर्दछ, हामीले जुन वाद, व्यवस्था, चिन्तन् आदिको विरोध गरिरहेका छौं, ती सबै आफूले व्यवहारिक रूपमा त्यागेर त्यस खाले चिन्तन्, वाद बोक्ने वा ती व्यवस्था, वाद आदिको पक्षधर हामी भित्रको मुहारहरूको समेत खुलेर विरोध गर्न सक्ने आँट गर्नै पर्छ ।

●निहीत व्यक्तिगत स्वर्थको लागि आदिवासीको मुद्दाहरूलाई उठान गरी हाम्रो विश्वास जितेर हामीलाई प्रयोग गर्दै निश्चित स्थानमा पुगेपछि हामीलाई धोका दिने हामी भित्रकै नेतृत्व र अभियन्ताहरू लगायत विभिन्न दल र दलका नेताहरूलाई चिनेर उनीहरूलाई छान्ने, चुन्ने कुराहरूमा विवेक प्रयोग गर्नै पर्ने अवस्था छ ।

**राज्यमा जबसम्म जात, वर्ग, समुदाय, लिङ्ग, क्षेत्र, धर्म आदिको आधारमा विभेदको नीति कायम रहन्छ तबसम्म स्थायी शान्तिको कल्पना पनि गर्न सकिन्न । यही तथ्यका आधारमा आज आदिवासीहरू त्यस खाले विभेदहरूको विरूद्धमा सडकदेखि सदनसम्म आन्दोलनरत छन् ।**

●हाम्रो पहिचान, अस्तित्व, धर्म, संस्कार, परम्परा, भाषा, साहित्य, इतिहास, परम्परागत कला, सीप आदिको महत्व समुदायको हरेक गाउँबस्तीहरूमा बुझाई यिनीहरूको संरक्षण, सम्बर्द्धन, विकास र प्रबर्द्धन गर्नका लागि विविध खाले सचेतनामूलक, छलफल, विमर्श आदि कार्यक्रमहरू व्यापक रूपमा सबै तहहरूमा गर्न आवश्यक छ ।

●हामीमा भएको सामूहिक भावना, सामुहिक बसाई, सामूहिक जीवनशैली साथै हाम्रो परम्परागत संस्थाहरू गुठी, मुखिया प्रणाली, बरघर, मुल्मीलगायतहरूको अभ्यास, अनुशरण र निरन्तरता हाम्रो जीवन, पहिचान र अधिकारको लागि अति आवश्यक र महत्वपूर्ण रहने यर्थाथता बुझि, बुझाइ भावी पिँढीहरूलाई हस्तान्तरणको लागि हामी तयार रहनु पर्दछ ।

**निष्कर्ष**

आदिवासीहरूले वास्तवमा चाहेको भनेको राज्यको दिगो विकास नै हो । जसको लागि देशमा स्थायी शान्ति हुन आवश्यक रहेको कुरामा पनि आदिवासीहरू सचेत छन् । तर राज्यमा जबसम्म जात, वर्ग, समुदाय, लिङ्ग, क्षेत्र, धर्म आदिको आधारमा विभेदको नीति कायम रहन्छ तबसम्म स्थायी शान्तिको कल्पना पनि गर्न सकिन्न । यही तथ्यका आधारमा आज आदिवासीहरू त्यस खाले विभेदहरूको विरूद्धमा सडकदेखि सदनसम्म आन्दोलनरत छन् । आदिवासीहरूको यस्ता माग र मुद्दाहरूप्रति सरकार वा राज्यले चाँडो भन्दा चाँडो प्रभावकारी कदमहरू चाल्नु पर्दछ, नत्र त सरकार वेवास्ता गरिरहने आदिवासीहरू आन्दोलन गरिरहने मात्र भइरहन्छ ।

यस्तो परिस्थितिमा देशमा कसरी स्थायी शान्ति कायम गर्न सकिन्छ? त्यसैले दिगो विकास र स्थायी शान्तिलाई राज्यका सबै अंगहरू, सरकार र सम्बन्धित सरोकारवालाहरूले नारामा मात्र सिमित गर्नु हुँदैन । आदिवासी जनजातिहरूको अधिकार सवालमा हालसम्म प्राप्त उपलब्धीहरूलाई कार्यान्वयनको चरण लैजानु पर्छ भने अन्य गुनासा तथा सवालहरूका सन्दर्भमा पनि सकरातमक पहलका लागि अत्यावश्यक आधारभूत प्रक्रियाहरू समयमानै पुरा गर्नु पर्दछ ।

का.बा.महासचिवः
नेपाल आदिवासी जनजाति महासंघ
**अध्यक्षः नेपाल थामी समाज**
sukhbirthami09@gmail.com

# जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय स्तरको तालिम सम्पन्न



**विश्वब्यापी रूपमा फैलिएको कोभिड-१९ को जोखिम अझै कायमै रहेकोले महामारी सम्वन्धी स्वास्थ्य सुरक्षा सर्तकता अपनाई आयोजना गरिएको सो गोष्ठी सिमित सहभागीहरूबीच सम्पन्न गरिएको थियो ।**

नेपाल आदिवासी जनजाति महासंघ, जलवायु परिवर्तन साझेदारी कार्यक्रमको आयोजनामा 'जलवायु परिवर्तन र आदिवासी जनजातिको अधिकार'बारे राष्ट्रिय स्तरको तालिम तथा कार्यशाला गोष्ठी मिति २०७८ भदौ २७ देखि २९ गतेसम्म पोखराको ल्याण्डमार्क होटलमा सम्पन्न भयो । कार्यक्रममा आदिवासी जनजाति संघ संस्थाका प्रतिनिधिहरू, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, आदिवासी जनजाति युवा महासंघ, आदिवासी जनजाति विद्यार्थी महासंघ र नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) संघीय परिषद् सचिवालयका पदाधिकारी सहित १० महिला र १४ पुरूष गरी जम्मा २४ जनाको सहभागिता रहेको थियो ।

नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन साझेदारी कार्यक्रमका राष्ट्रिय संयोजक टुंगभद्र राईले International Union for Conservation of Nature (IUCN) ले वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयको सहकार्यमा हरित जलवायु कोषमार्फत गण्डकी नदी प्रणालीमा परियोजना सञ्चालन गर्न गइरहेको हुँदा त्यस क्षेत्रका आदिवासी जनजातिहरूलाई परियोजनाबारे जानकारी गराउनु पर्ने र परियोजनामार्फत आदिवासी जनजातिहरू प्रत्यक्ष लाभान्वित हुनुपर्ने कुरामा जोड दिनुहुँदै कार्यक्रमको उद्देश्यवारे प्रष्ट पार्नु भएको थियो ।

विश्वब्यापी रूपमा फैलिएको कोभिड-१९ को जोखिम अझै कायमै रहेकोले महामारी सम्वन्धी स्वास्थ्य सुरक्षा सर्तकता अपनाई आयोजना गरिएको सो गोष्ठी सिमित सहभागीहरूबीच सम्पन्न गरिएको थियो । उक्त गोष्ठी अवधिमा स्वास्थ्य सामाग्रीहरू जस्तै, फेसशिल्ड, फेसमास्क, सेनिटाइजरको व्यवस्था गरिएको थियो ।

उक्त तीन दिने कार्याशालामा स्रोत व्यक्ति धनमान गुरूङले सहभागीहरू माझ प्रस्तुतिकरण प्रस्तुत गर्नुहुँदै छलफल र विचार विमर्शसहित सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा बृत्तचित्र प्रस्तुत गर्नुका साथै अन्य स्रोत व्यक्तिहरूमार्फत् जलवायु परिवर्तन (Climate Change), यसका कारण र असरहरू, जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि (UNFCCC), पेरिस सम्झौता र आदिवासी जनजातिका सवालहरू,

जलवायु परिवर्तन अनुकूलन र न्युनीकरण (Mitigation and Adoptation), हानी र नोक्सानी (Loss and Damage), जलवायु परिवर्तन न्युनीकरणका उपाय रेडप्लस (REDD+), र रेडप्लसमा आदिवासी जनजातिका सवालहरू, राष्ट्रिय अनुकुलन योजना (NAP), राष्ट्रिय निर्धारित योगदान दस्तावेज (NDC)-२०२०, जलवायु परिवर्तन नीति - २०७६ (National Climate Change Policy, 2019), जलवायु वित्त (Climate Finance), हरित जलवायु कोष (Green Climate Fund), र IUCN ले गण्डकी नदी प्रणालीमा सञ्चालन गर्ने परियोजनाको बारेमा प्रस्तुतिकरणहरू प्रस्तुत गरिएको थियो। IUCN ले गण्डकी नदी प्रणाली परियोजना सञ्चालन गर्ने वा परियोजना कार्यान्वयनको सन्दर्भमा सहभागीहरूमार्फत् प्राप्त सुझावहरू यसप्रकार रहेका छन् :

१) सबै जातीय संघ संस्था र प्रथाजनित संस्थाहरूलाई सूचना प्राप्त हुनुपर्ने।

२) सबै जातीय संघ संस्था र प्रथाजनित संस्थाहरूको सहभागिताको सुनिश्चितता हुनुपर्ने।

३) आदिवासी जनजातिहरूको सामूहिक मुद्दा र सवालहरूलाई संयुक्त रूपमा उठान गर्ने अवसर पाउनु पर्ने र ती सवालहरू सम्वोधन हुनुपर्ने।

४) आदिवासी जनजाति युवा, महिला, विद्यार्थी, जेष्ठ नागरिकहरूको अन्तरपुस्ता विचारहरूलाई संकलन र सम्वोधन गर्नुपर्ने।

५) लाभांश तथा परियोजनामा आदिवासी जनजातिहरूको पहुँच सुनिश्चित हुनुपर्ने।

६) परियोजनाले आदिवासी जनजातिको थातथलो धार्मिक, सांस्कृतिक, भौगोलिक पक्षहरूलाई असर पर्न नहुने।

७) आदिवासी जनजाति महिलाहरूको परम्परागत ज्ञान, सिपमा आधारित उद्यमशिलता र आयआर्जनलाई जलवायु मैत्री बनाइ प्रवर्द्धन र विकास गर्नुपर्ने।

८) जलवायु परिवर्तन सम्वन्धी विषयहरूलाई पाठ्यक्रममा समावेश गर्नुपर्ने।

९) आदिवासी जनजाति युवाहरूलाई परियोजनाले रोजगारीमा अवसर प्रदान गर्नुपर्ने।

१०) परियोजना कार्यन्वयन गराउने सवालमा परियोजना अन्तर्गत बन्ने हरेक संरचना तथा सञ्जालहरूमा आदिवासीहरूको अर्थपूर्ण तथा संस्थागत रूपमा प्रतिनिधित्व हुनुपर्ने।

११) जनचेतनामूलक कार्यक्रम तथा प्रशिक्षणहरूको पर्याप्त आयोजना गर्नु पर्ने।

१२) आदिवासीहरूको मातृभाषाहरूमा परियोजना सम्बन्धी पूर्ण सूचनाहरू प्रदान गर्ने संयन्त्रहरूको विकास गरिनुपर्ने।

१३) आदिवासीहरूको परम्परागत पेशा, व्यावसायहरू जस्तै चौंरी पालन, घरेलु मदिरा बनाउने, राडी बुन्ने, डोको, नाम्लो, नाङ्लो बुन्ने आदिमा पर्याप्त लगानी गर्नुपर्दछ र उत्पादनहरूको विक्री वितरणको लागि प्रभावकारी बजार व्यवस्थापन पनि गरिनुपर्ने।

१४) जडीबुटी प्रशोधन र संरक्षणका लागि परियोजनामार्फत लगानी हुनुपर्ने।

१५) आदिवासीहरूको संस्कृतिमा आधारित पर्यटन साथै होमस्टेहरूमा परियोजनाको लगानी हुनुपर्ने।

१६) आदिवासीहरूको ज्ञान, सिप, कला आदि सम्बन्धि परम्पराहरूलाई दस्तावेजीकरण गर्नुपर्ने।

१७) स्थानीय विउविजन र प्राङगरिक उत्पादनहरूलाई प्रोत्साहन दिलाउने कार्यक्रमहरूमा जोड दिनुपर्ने।

१८) आदिवासीहरूको आस्थामा आधारित प्राकृतिक स्रोतसाधन वनजंगल, खानेपानीको स्रोतहरू आदिलाई सम्मान र संरक्षण गरिनुपर्ने।

१९) आदिवासीहरूको सांस्कृतिक वाद्यवादनहरू निर्माण गर्नका लागि वन पैदावार उपयोग गर्नमा कुनै रोकटोक हुनु नहुने।

२०) स्थानीय हावापानी अनुसारको फलफुल, खाद्यवस्तुहरू आदिलाई रोप्न, भण्डारण, विक्री वितरण आदिको लागि पर्याप्त लगानी हुनुपर्ने।

२१) माझी र बोटे समुदायको परम्परागत पेशाहरू सुन चाल्ने, डुङ्गा चलाउने तथा माछा मारी जीविकोपार्जनमा सहायता दिलाउने पेशा व्यवसायको प्रबर्द्धन, विकास र संरक्षण गर्नुपर्ने।

२२) आदिवासी जनजाति बस्तीहरूभित्र सडकहरूको विस्तार गर्न नहुने।

२३) आदिवासीहरूको परम्परागत थातथलोहरूलाई सरकारीकरण, सामुदायिक वन, कबुलीयत वन, संरक्षित क्षेत्र, राष्ट्रिय निकुञ्ज आदिमा परिणत गर्न नपाइने।

२४) आदिवासी जनजातिहरूको परम्परागत तथा पुरातात्विक सम्पदाहरूको संरक्षण, अध्ययन तथा अनुसन्धान गर्नुपर्ने।

२५) आवश्यक जनशक्तिमा स्थानीय आदिवासी जनजातिहरूलाई प्राथमिकता दिनुपर्ने।

२६) पूर्व सुसूचित जानकारीसहितको मञ्जुरी-Free, Prior and Informed Consent (FPIC) कार्यान्वयन गरिनुपर्ने।

२७) परियोजनाले आदिवासी जनजातिहरूलाई विस्थापित गर्न नपाइने। गैरआर्थिक, सांस्कृतिक, धार्मिक धरोहरहरूको नाश हुन नहुने, त्यस्ता क्षेत्रहरूमा क्षती भएको खण्डमा उचित क्षतिपूर्तिको व्यवस्था हुनुपर्ने।

२८) परम्परागत संस्कार, ज्ञान, सीप, कला, प्रथाजनित कानुन, संस्थाहरूको संरक्षण र सम्वर्द्धन गरिनु पर्ने।

२९) परियोजनाको केन्द्रीय तहदेखि स्थानीय तहसम्म बन्ने संरचनाहरूमा आदिवासी जनजाति समुदायको संस्थागत प्रतिनिधित्व हुनुपर्ने।

३०) परियोजनाको केन्द्रीय तहदेखि स्थानीय तहसम्म बन्ने संरचनाहरूमा आदिवासी जनजाति महिलाहरूको अनिवार्य संस्थागत प्रतिनिधित्व हुनुपर्ने।

३१) परियोजनाबारे पूर्ण र पारदर्शी रूपमा समयमै सूचना प्रदान गरिनु पर्ने। यस विषयलाई राजनीतिकरण गर्न नपाइने।

३२) प्रथाजनित संस्थाहरूले पनि सूचना पाउनुपर्ने र ती संस्थाहरूको सहभागितालाई अनिवार्य गर्नुपर्ने।

३३) परियोजना सञ्चालन गर्दा त्यहाँ बसोबास गर्ने समुदायसँग पूर्व सुसूचित जानकारीसहितको मन्जुरीनामा लिनुपर्ने।

३४) परियोजना सञ्चालन गर्दा आइएलओ १६९ लाई विशेष ध्यान दिएर कार्यन्वयन गर्नुपर्ने।

३५) आदिवासीहरूको परम्परागत खाद्य संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गर्नका लागि रैथाने बालिनालीहरूको संरक्षण गरिनु पर्ने। साथै वन्यजन्तु लगायतबाट हुने क्षति, राज्यको सुरक्षा निकायहरूबाट हुने ज्यादती र वनजंगलको पहुँच, उपयोगबाट वञ्चित गर्न नपाइने।

३६) आदिवासीहरूको परम्परागत प्रथाजनित भूमि, वनजंगल, भूक्षेत्र र प्राकृतिक स्रोत साधनहरूलाई सामुदायिक, कबुलीयत, सांस्कृतिक वा धार्मिक वन, संरक्षण क्षेत्र वा राष्ट्रिय निकुञ्ज आदि बनाउन कुनै पनि हालतमा नपाइने।

३७) प्रत्यक्ष प्रभावितहरूलाई मात्रै नभएर भविष्यमा प्रभावित हुन सक्ने समुदायहरूलाई पनि ध्यान पुऱ्याउनु पर्ने।

३८) परियोजनाले आदिवासी समुदायमाको परम्परागत ज्ञान, सीप, कलाहरूलाई आउने पुस्ताहरूमा पुस्तान्तरण गर्न सघाउनु पर्ने।

३९) यूएनड्रीप (UNDRIP), यूएनएफसीसी (UNFCCC), हरित जलवायु कोष (Green Climate Fund) लगायत आदिवासीहरूसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि, सन्धि तथा नीतिहरूको कार्यान्वयन गर्नुपर्ने।

# जलवायु परिवर्तनको न्युनीकरणमा बराम आदिवासी समुदायको योगदान

अंकला बराम


**विश्वभर फैलिएको कोभिड-१९ को महामारीबाट बराम समुदाय पनि अछुतो रहन सकेन ।**

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठन ऐन २०५८ अनुसार ५९ वटा आदिवासी जनजाति मध्ये अतिसिमान्तकृतमा पर्ने बराम जाति नेपालको गोर्खा, धादिङ, चितवन, ललितपुरलगायत १० वटा जिल्लामा बसोबास गर्दछन् । त्यसमध्ये पनि ९० प्रतिशत बरामहरू गोर्खा जिल्लामा मात्रै बसोबास गर्दछन् । आफ्नो छुट्टै भाषा, भेषभुषा, चालचलन, रहनसहन, संस्कृति, सामाजिक मुल्य मान्यता आदि भएका बरामहरूले विभिन्न कारणले त्यसको उत्थान र सम्बर्द्धन गर्न नसकेको कारण बरामहरूको सामाजिक, आर्थिक, राजनीतिक स्तर अत्यन्तै कमजोर छ ।

सामजिक, आर्थिक, राजनीतिक पहुँचबाट बञ्चित हुनु भनेको सिंगै जाति शिक्षा, स्वास्थ्य, रोजगारीबाट पनि बञ्चित हुनु हो । यसैले बराम जातिका हातको औंलामा गन्न सकिने संख्याले मात्र उच्च शिक्षा हासिल गर्न सकेका छन् । प्राविधिक क्षेत्रमा उच्च शिक्षा हासिल गरेका बरामहरूको संख्या गन्दा एकै हातका औंलामा अटाउन सकिन्छ ।

बरामहरू विशेष गरी धान, कोदो, मकै गहुँ, आलु, तोरी जस्ता खेतीपाती गर्दछन् । कृषि नै यस समुदायको प्रमुख पेशा हो । उनीहरूको खेतीपाती खर्ने शैली परम्परागत छन् । धेरै फलाउने नाममा विभिन्न किसिमका युरियालगायत रासायनिक मल तथा औषधीहरूको प्रयोग उनीहरू गर्दैनन् । कसैले लुकाएर प्रयोग गरेमा बारी बिग्रने र खेती विगार्ने भनेर रासायनिक मलको प्रयोग गर्न दिइँदैन । बारीमा घाँस पाल्ने गदर्छन् र व्यवस्थित पशुपालन गर्ने गरेका छन् ।

मेरो आफ्नो गाउँको सन्दर्भ जोड्छु । बाक्लो बराम बस्ती भएको यस ठाउँमा ठूलो एउटा क्षेत्र छ । जहाँ बाउबाजेको पालादेखि रूख विरूवा हुर्काएर ठूला ठूला बनाएका छन् । त्यसो गर्नुको आफ्नै कारण छ । त्यस जंगलको बीचमा ससाना



ढुङ्गा राखेर पूजा गर्छन्, सुँगुर काट्छन् । यसलाई प्रकृति पूजा वा मुल पूजा पनि भन्छौं । बराम नै त्यसको पुजारी हुन्छ । त्यस वरिपरि रहेको रूख हाँगा बिंगा पनि काट्न पाइँदैन । कसैले त्यो लुकेर चोरेर काटेमा देउता रिसाउने हुँदा काट्न नहुने भन्ने विश्वास छ । यो विश्वासले गर्दा पनि यो वनको संरक्षण हुँदै आइरहेको छ । त्यसै जंगलको फेदीमा पानीको मुहान छ । गाउँ भरी त्यही पानीले पुग्छ । आर्थिक अवस्था कमजोर भएको कारण यहाँका बराम समुदायको ठूला कंक्रिटको घर, गाडी र फ्याक्ट्रीहरू छैनन् । आफ्ना बालबच्चालाई बजारमा केमिकल भएको खाजा भुजा भन्दा आफ्नै घरमा फलेको गहुँ, कोदो, मकै खुवाउँछन् । विश्वमा इन्धनका लागि सुधारिएको चुल्हो, हिटर, राईस कुकर जस्ता नयाँ प्रविधिका सामानहरू प्रयोग गरेको पाइन्छ । तर यसप्रकारको प्रविधिमा भएको सुधार र विकासले यस गाउँलाई छोएको छैन ।

विश्वभर फैलिएको कोभिड-१९ को महामारीबाट बराम समुदाय पनि अछुतो रहन सकेन । खेतीपातीमा मात्र निर्भर हुने भएकोले महामारी बीचमा राम्रो उत्पादन नभएर अथवा जलवायु परिवर्तनको असरले समयमा पानी नपर्ने वा खण्ड तथा अतिबर्षा हुने जस्ता थुप्रै कारणले कोरोना महामारीसँगै भोकमरीको संकट पनि झेल्नु परेको यथार्थ हामी माझ छ । संक्रमित भइ खेतीपातीमा राम्रो स्याहार, मलजल गर्न नपाएको कारण उत्पादनमा कमी आएको छ भने कोही कसैको भएको रोजगारी पनि बन्दाबन्दीले खोसेको कारण आर्थिक संकटका साथै भोकमरी झेल्नु परेको छ ।

इतिहासको विभिन्न कालखण्डदेखि हेपिएको, चेपिएको, पछाडि पारिएको यस समुदाय राज्य प्रदान गर्ने विभिन्न सेवा सुविधाको पहुँचबाट निकै टाढा छ । तसर्थ थोरै उमेर ढल्किसकेको बुढापाकाले मात्रै आफ्नो मातृभाषा बराम भाषा (बालकुरा) बोल्छन् । यो कोरोना महामारी ती बुढापाकालाई लागेमा उपचारको पहुँच छैन । आर्थिक अवस्थाले नभ्याउने हुँदा सहरमा अस्पताल पुऱ्याउन सकिँदैन । यदि यो महामारीले छोए मृत्युवरण गर्नु बाहेक अरू उपाय यहाँका बरामहरूलाई छैन ।

मान्छे त मरेर जान्छ नै तर हाम्रो पहिचान, भेषभूषा, भाषा, संस्कृति समेत तिनै बुढापाकाहरूसँगै लोप हुने खतरामा यो समुदाय छ । यसलाई विडम्वना भन्नु पर्छ । तर बरामलगायतका आदिवासी जनजातिको यस प्रकारको समस्यामा राज्यसत्ताको ध्यान गएको देखिन्न । जुनसुकै महामारी अथवा प्राकृतिक विपत्तिमा होस्, सर्वप्रथम त पिछडिएका विपन्न समुदायलाई सबैभन्दा बढी जोखिम हुन्छ । उनीहरू नै बढी पीडित हुन्छन् । यद्यपि शासकहरूले



यस्ता कुरामा ध्यान दिँदैनन्, उनीहरूमा यसको सामान्य चेत पनि नभएकोमा दुःख लाग्छ ।

सामान्य जीवनशैली र प्राकृतिक श्रोत साधनमा मात्रै निर्भर हुने यस समुदायले जलवायु परिवर्तन न्युनीकरणको लागि उल्लेखनीय भुमिका खेलेको छ । नवीकरणीय उर्जाको प्रयोगले कार्बन उत्सर्जनमा कमि ल्याएको छ । ब्यवस्थित खेतीपातीले पनि सहयोग पुऱ्याएको छ । रूख विरूवाको संरक्षणले जलवायु परिवर्तन न्युनीकरणको लागि ठूलो योगदान हुन्छ । साना झुप्रा घर, खेतीपातीमा रासायनिक मल औषधी प्रयोग नगर्ने यस समुदायले न्यूनीकरणको लागि पूर्ण रूपमा सहयोग पुऱ्याएका छन् । यति गर्दागर्दै पनि जलवायु परिवर्तनको असरलाई कमी गराउन अर्थात कार्बन उत्सर्जन कमी गराउन अगाडि सारिएका रेडप्लसको अवधारणाले हाम्रो बराम आदिवासीको थातथलोमा सकरात्मक भन्दा पनि नकारात्मक हस्तक्षेप हुन सक्ने संभावना छ । हाम्रा पुर्खाहरूले जोगाएर राखेको वनजंगल र बरामले गरेको व्यवस्थापनको लागि पुरस्कार पाउनुको सट्टा अझै वन जंगल बढाउने नाममा हामीले गर्दै आएको पुजाआजा रोकी दिने, हाम्रो वन व्यवस्थापनको विधिहरूलाई अन्त्य गरिदिने, वन जंगल तथा जमिनमा आश्रित बराम समुदायलाई ती स्रोत र साधनहरूबाट बिमुख बनाएर जोखिम र संकटमा पार्ने त होइन भन्ने आशंका छ ।

ठूला ठूला प्राकृतिक विपत्तिहरू जलवायु परिवर्तनका असरहरू हुन् । यसबाट बराम आदिवासी समदाय पनि जोखिममा छ । यसको अनुकुलनको योजना गर्दा बराम आदिवासीमा पर्न गएको असर र जोखिम न्युनीकरणको लागि खेलेको भूमिकाबारे जानकारी गराई यसको लागि पाउने क्षतिपूर्तिमा बराम आदिवासी लाभान्वित हुने गरी पहल गरेर हाम्रो थातथलोसहित आस्थालाई बचाउने र निर्वाध प्रयोग गर्न पाउने गरी योजना बनाउन सरकार तथा सम्बन्धित सरोकारवालाहरूलाई अनुरोध गर्न चाहन्छु ।

*लेखक नेपाल बराम संघका केन्द्रीय सदस्य हुन् ।*

# आदिवासी जनजाति अगुवाहरूलाई जलवायु परिवर्तनसम्बन्धी क्षेत्रीय स्तरको तालिम सम्पन्न

नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन साझेदारी कार्यक्रमको आयोजनामा जलवायु परिवर्तन र आदिवासी जनजातिको अधिकारबारे क्षेत्रीय स्तरको तालिम तथा कार्याशाला गोष्ठी यही २०७८ भदौ २३ देखि २५ गतेसम्म पोखराको ल्याण्डमार्क होटलमा सम्पन्न भयो । कार्यक्रममा नेफिन जिल्ला समन्वय परिषद, नेफिन प्रदेश समन्वय परिषद र नेफिन संघीय परिषद सचिवालयका पदाधिकारीसहित ८ महिला र १३ पुरूष गरी जम्मा २१ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा मन्तब्य व्यक्त गर्नु हुँदै नेपाल आदिवासी जनजाति महासंघका केन्द्रिय उपाध्यक्ष गणेश थकालीले जलवायु परिवर्तन विश्वब्यापी रूपमा उग्र चुनौती बन्दै गइरहेको अवस्थामा जलवायु परिवर्तन सम्वन्धी अन्तर्राष्ट्रिय स्तरमा वन्ने आदिवासी जनजाति लक्षित नीति तथा कार्यक्रमहरूमा राज्यले ध्यान नदिएको अवस्था रहेको बताउनु भयो। त्यसैले जलवायु परिवर्तन सम्वन्धी बन्ने विभिन्न संयन्त्रहरूमा आदिवासी जनजातिको अधिकारवारे आदिवासीलाई पूर्ण ज्ञान हुनु जरूरी रहेको उहाँको भनाई थियो। आदिवासी जनजातिको परापूर्वकालदेखि नै जल, जमिन र जंगलसँग अन्योन्याश्रित सम्वन्ध रहिआएकोले जलवायु परिवर्तनको पहिलो र प्रत्यक्ष असर आदिवासी जनजातिलाई नै पर्ने गरेको र यसलाई न्यूनीकरण गर्न सचेत भएर लागी पर्नुपर्ने उहाँले बताउनु भयो ।

विश्वब्यापी रूपमा फैलिएको कोभिड-१९ को त्रास अझै कायमै रहेकोले महामारी सम्वन्धी स्वास्थ्य सुरक्षा सर्तकता अपनाई आयोजना गरिएको सो गोष्ठी सिमित सहभागीहरू बीच सम्पन्न गरिएको थियो । उक्त गोष्ठी अवधीमा स्वास्थ्य सामाग्रीहरू जस्तै, फेसशिल्ड, फेसमास्क, सेनिटाइजरको व्यवस्था गरिएको थियो ।

उक्त ३ दिने तालिम-गोष्ठीको नेपाल आदिवासी जनजाति महासंघका कार्यवाहक महासचिव सुखवीर थामीले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा अन्य स्रोत ब्यक्तिहरूमार्फत् जलवायु परिवर्तन, यसका कारण र असरहरू, जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि, पेरिस सम्झौता र आदिवासी जनजातिका सवालहरू, जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण, हानी र नोक्सानी, जलवायु परिवर्तन न्यूनीकरणका उपाय रेडप्लस र रेडप्लसमा आदिवासी जनजातिका सवालहरू, राष्ट्रिय अनुकूलन योजना, राष्ट्रिय प्रतिबद्ध योगदान दस्तावेज-२०२०, जलवायु वित्त, हरित जलवायु कोष र IUCN को गण्डकी नदी प्रणाली परियोजनाको बारेमा प्रस्तुतिकरण गरिएको थियो ।




**नेपाल आदिवासी जनजाति महासंघ**

**जलवायु परिवर्तन साझेदारी कार्यक्रम**

महाराजगञ्ज, काठमाडौं, नेपाल, फोनः- ९७७-१-४४१५३७६, इमेलः info@nefinclimatechange.org

वेवसाइटः www.nefinclimatechange.org


साझेदार : IWGIA

सहयोग :